संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट चालु आर्थिक वर्षमा निजामती कर्मचारीका सन्ततिहरुको लागि शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउने कार्य सम्पन्न भएको छ । "निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७८" एवम् चालु आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार रु. २१ करोड ६१ हजार ६१ रुपैयाँ प्रोत्साहन वृत्तिका रुपमा उपलब्ध गराइएको हो । यस कार्यक्रमबाट चालु आ.व. मा कोशी प्रदेशका ११८, मधेश प्रदेशका १७३, बागमती प्रदेशका १७०, गण्डकी प्रदेशका १११, लुम्बिनी प्रदेशका ९२, कर्णाली प्रदेशका ३४ र सूदुरपश्चिम प्रदेशका ५६ गरी कूल ७५४ जनाले शैक्षिक वृत्ति प्राप्त गरेका छन् । संकायगत रुपमा हेर्दा चिकित्सा शास्त्रमा २२८ जना, स्वास्थ विज्ञानमा ७२ जना, आयुर्वेदमा ३ जना, इञ्जिनियरिङमा २२० जना, वन विज्ञानमा ४ जना, कृषि विज्ञानमा १६ जना, विज्ञानमा ५ जना, कानूनमा ३२ जना, व्यवस्थापनमा ९५ जना, शिक्षामा १ जना, मानविकीमा १० जना, सूचना प्रविधिमा ६७ जना र अन्यमा १ जनालाई शैक्षिक प्रोत्साहन वृत्ति प्रदान गरिएको छ । स्वदेशी विश्वविद्यालय वा त्यस्तो विश्वविद्यालयको आंगिक वा सम्बन्धन प्राप्त शिक्षण संस्थामा स्नातक तह वा सो सरहको तहमा प्रथम वर्ष वा प्रथम र द्वितीय सेमेष्टरमा अध्ययनरत निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराइएको हो । मन्त्रालयले आ.व. २०६६/६७ देखि शैक्षिक प्रोत्साहन वृत्ति कार्यक्रम कार्यान्वयन गर्दै आएको छ । यस कार्यक्रमबाट निजामती कर्मचारीहरु सेवामा थप उत्प्रेरित हुने वातावरण तयार भएको विश्वास गरिएको छ ।

मिति: २०८१/०३/२६

प्रवक्ता